नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०३।१९)

नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन र यस नौमुले गाउँपालिकामा संचालित सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (SUSWA) कार्यक्रम संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले वैयक्तिक विवरण र निवेदन सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८३/०३/२५ वा अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न यो सूचना सम्बन्धित सबैको लागि प्रकाशित गरिएको छ । साथै म्याद नाघी वा रीत नपुगी आएको दरखास्त दर्ता गरिने छैन ।

तपसिल:

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | SUSWA-०३-२०८२।०८३ (खुला) | सामाजिक परिचालक | सहायक चौथो | ३ (तीन) |
| २. | SUSWA-०४-२०८२।०८३ (महिला) | सामाजिक परिचालक | सहायक चौथो | २ (दुई) |
| जम्मा | | | | ५ (पाँच) |

क. आवश्यक न्युनतम् योग्यता तथा अनुभव सम्बन्धी विवरण:

१. शैक्षिक योग्यता: कुनै पनि विषयमा प्रविणता प्रमाण- पत्र तह उतीर्ण गरेको हुनु पर्नेछ ।

२. व्यवसायिक अनुभव:

- कम्तिमा २ वर्ष ग्रामिण परिवेशमा सामाजिक परिचालन वा सामुदायिक विकासमा काम गरेको, साथै कम्तिमा १ वर्ष खानेपानी तथा सरसफाइ क्षेत्रमा काम गरेको अनुभव भएको ।
- दातृ निकायहरुको सहयोगमा संचालित कार्यक्रमहरु/आयोजनाहरुमा पालिकास्तरमा वसी काम गरेकालाई थप ग्राह्यता दिइने छ ।

३. अन्य सीपहरु:

- सामाजिक परिचालन र तालिम सहजीकरण सीपहरुमा निपुर्ण ।
- नेपाली भाषा लेखन र वोलाईमा राम्रो सीप भएको र कार्य क्षेत्रको स्थानीय भाषाहरुमा भाषिक दक्षता ।



अध्यक्ष: ९८५८०६९०४० उपाध्यक्ष: ९८५८०६९०४१ प्रमुख प्रशासकीय अधिकृत: ९८५८०६९०६० 
प्रशासन: ९८५८०६९०४२/९८५८०६९०६१ लेखा: ९८५८०६९०६२
Website: www.naumulemun.gov.np Email: naumulegapa@gmail.com/prashasan.nrmp2080@gmail.com

❖ स्थानीय समुदाय संग र बहु-सास्कृतिक वातावरणमा काम गर्ने क्षमता भएको ।

४. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः राजश्व शाखामा बुझाएको रु. ५०० (पाँच सय मात्र) दस्तुर वा गाउँपालिकाको एनएमबि बैंक, नौमुले शाखा, दैलेखमा रहेको नौमूले गाउँपालिका आन्तरिक राजस्व खाता नं. १०४००७१७१२४०००७४ मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ ।

५. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः आवेदकको व्यक्तिगत विवरण (बायो डाटा), नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, कामसंग सम्वन्धित अनुभवका प्रमाण पत्र, पासपोर्ट साइजको फोटो ३ प्रति, तालिम प्राप्त गरेका प्रमाण पत्रका प्रतिलिपि विवरण सहित तयार पारि आवेदन साथ पेश गर्नु पर्नेछ । आवेदन को ढाँचा यसै सूचना साथ संलग्न गरिएको छ ।

६. छनौटको किसिमः योग्यता क्रमको प्रारम्भिक सूची, लिखित परिक्षा र अन्तरवार्ता हुनेछ ।

.................................

भक्त बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत

*नोटः थप जानकारीको लागि फोन नं ९८४८११६५६०, इमेल-ito.naumulemun@gmail.com वा नौमूले गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।*